# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## बेनी नगरपालिका

म्याग्दी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## बेनी नगरपालिका

म्याग्दी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

बेनी नगरपालिका

म्याग्दी

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

पत्र संख्याः २०७९।८०
च.नं. ७८

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुखज्यू,
बेनी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, म्याग्दी।

**कैफियत सहितको राय**

हामीले बेनी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू. ११ करोड ३६ लाख १२ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २ करोड ९० लाख २३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७ करोड ७ लाख ४१ हजार, नियमित गर्नुपर्ने रु ८६ लाख ७३ हजार र पेश्की बाँकी रु ५१ लाख ७५ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ६ करोड ७७ लाख १४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १४ करोड ९८ लाख ७० हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ। कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

## १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४६ | ९२ | ११३६१२ | ० | ० | ० | ४६ | ९२ | ११३६१२ | २९०२३ | ८६७३ | ७०७४१ | ० | ० | ७९४१४ | ५१७५ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बेनी नगरपालिका | ६७७१४ | ० | ३१४५६ | ३६२५८ | ० | ११३६१२ | १४९८७० |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान: बेनी नगरपालिका, म्याग्दी , बेनी नगरपालिका , म्याग्दी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | प्र.प्र.अ श्री धोलकराज ढकाल | २०७८-७-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | ले.पा-माधव प्रसाद भुसाल | २०७८-७-८ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ११३,६१२,३८६.८८ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ७,५६,७५,१३६.५९ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४६,३८,८७,५२२ | **चालु खर्च** | ४२,८३,०१,३९९ |
| **प्रदेश सरकारबाट अनुदान** | २,१२,०६,७९१ | **पूँजीगत खर्च** | १९,९७,५४,७६९ |
| **राजश्व बाँडफाँट** | ११,२५,७६,७६० | **वित्तीय/अन्य व्यवस्था** | २,३५,२७,०८४.५ |
| **आन्तरिक आय** | ३,३९,४४,२८१ | | |
| **अन्य आय** | ४,३८,९८,३४०.०५ | | |
| **कुल आय** | ६७,५५,१३,६९४.०५ | **कुल खर्च** | ६५,१५,८३,२५२.५ |

| बाँकी मौज्दात | | | | ९,९६,०५,५७८.१४ |
|---|---|---|---|---|
| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | **बेरुजु रकम** |
| १ | | | **लेखापरीक्षण**<br>उल्लेखित आर्थिक कारोवारको स्वीकृत समष्टीगत तथा ईकाइगत लेखापरीक्षण योजना, कार्यालयबाट पेस गरिएको वार्षिक कार्यक्रम एवं प्रगति विवरण समेतका कागजात र विवरणहरू, व्यवस्थापन प्रतिनिधित्व पत्र तथा आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई समेत आधार मानी महालेखापरीक्षकको कार्यालयवाट स्वीकृत NAMS बिधी प्रयोगगरी लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ र लेखापरीक्षणका अन्तर्राष्ट्रिय मापदण्ड तथा मार्गदर्शनमा समेत नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले निर्क्यौल गरेको जोखिममा आधारित योजना तथा कार्यक्रमका आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोराहरूलाई प्रतिवेदनमा समावेश गरिएको छैन ।लेखापरीक्षण गर्दा देखिएका व्यहोराहरू सम्बन्धमा पालिकाका नगर प्रमुख , नगर उपप्रमुख लगायत कार्यालय प्रमुख र जिम्मेवार शाखा प्रमुखहरु समेतका पदाधिकारीहरूसँग मिति २०७९।६।१२ मा भएको छलफल पश्चात् कायम भएका व्यहोराहरू निम्नानुसार छन्ः | |
| २ | | | **परिचय**<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस बेनी नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत 10 वडा,51 सभा सदस्य,76.25वर्ग किलोमिटर क्षेत्रफल तथा 33 हजार 498 जनसंख्या रहेको छ । | |
| ३ | | | **स्थानीय सञ्चितकोष** | |

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम गाउँपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आय-व्यय हिसावको आर्थिक वर्ष २०७८।०७९ को वित्तीय प्रतिवेदन म.ले.प.फा.नं. २७२ निम्न बमोजिम रहेको छः

| प्राप्ती भुक्तानी हिसाव | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| विवरण | यस वर्ष रु. | | | | गतवर्ष रु. | | |
| | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | ७३,५६,३१,४६९.६५ | ६७,५५,१३,६९४.०५ | | ६७,५५,१३,६९४.०५ | ६३,७३,३०,३०८.११ | | ६३,७३,३०,३०८.११ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ६९,५५,१८,४२२.३१ | ६३,१६,१५,३५५.७१ | ० | ६३,१६,१५,३५५.७१ | ५८,९७,८८,५३६.२७ | ० | ५८,९७,८८,५३६.२७ |
| ११००० कर | ११,७९,५६,००० | १२,३१,०७,००६.८७ | ० | १२,३१,०७,००६.८७ | १०,७७,००,७९७.६६ | ० | १०,७७,००,७९७.६६ |
| १३००० अनुदान | ५५,३९,८५,३४० | ४८,५०,९४,३१३ | ० | ४८,५०,९४,३१३ | ४७,०८,२७,०८४.८३ | ० | ४७,०८,२७,०८४.८३ |
| संघीय सरकार | ५२,८९,०९,३४० | ४६,३८,८७,५२२ | ० | ४६,३८,८७,५२२ | ४५,३१,९८,१४०.८३ | ० | ४५,३१,९८,१४०.८३ |
| प्रदेश सरकार | २,५०,७६,००० | २,१२,०६,७९१ | ० | २,१२,०६,७९१ | १,७६,२८,९४४ | ० | १,७६,२८,९४४ |
| १४००० अन्य राजस्व | १,९३,३६,४३३.३१ | १,८४,९६,५६९.८४ | ० | १,८४,९६,५६९.८४ | १,१२,६०,६५३.७८ | ० | १,१२,६०,६५३.७८ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १५००० विविध प्राप्ति | ४२,४०,६४९ | ४९,१७,४६६ | ० | ४९,१७,४६६ | ० | ० | ० |
| ख. अन्य प्राप्ति | ४,०१,१३,०४७.३४ | ४,३८,९८,३३८.३४ | | ४,३८,९८,३३८.३४ | ४,७५,४१,७७१.८४ | | ४,७५,४१,७७१.८४ |
| वितरण गर्न बाकी राजस्व | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | ४,०१,१३,०४७.३४ | ४,०१,१३,०४७.३४ | ० | ४,०१,१३,०४७.३४ | ४,३९,२८,९८३.८४ | ० | ४,३९,२८,९८३.८४ |
| धरौटी | ० | ३७,८५,२९१ | ० | ३७,८५,२९१ | ३६,१२,७८८ | ० | ३६,१२,७८८ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | ८०,४७,२७,४६९.६५ | ६५,१५,८३,२५२.५० | | ६५,१५,८३,२५२.५० | ५८,१८,७६,६२६.८६ | | ५८,१८,७६,६२६.८६ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ७६,४६,१४,४२२.३१ | ६२,८०,५६,१६८.५० | | ६२,८०,५६,१६८.५० | ५६,२६,२४,१०४.३६ | | ५६,२६,२४,१०४.३६ |
| २१००० पारिश्रमिक / सुविधा | २८,९०,८७,००० | २७,२५,८९,६८५.५० | ० | २७,२५,८९,६८५.५० | २५,१०,२१,५४९.२० | ० | २५,१०,२१,५४९.२० |
| २२००० मालसामान तथा | १६,०७,४१,५९७.३१ | १३,१२,२१,३१२ | ० | १३,१२,२१,३१२ | ८,८६,८१,९८०.५० | ० | ८,८६,८१,९८०.५० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सेवाको उपयोग | | | | | | | |
| २५००० सहायता (Subsidy) | २,०७,२८,००० | १,७३,६८,४६२ | ० | १,७३,६८,४६२ | ४,११,५६,७८५ | ० | ४,११,५६,७८५ |
| २७००० सामाजिक सुरक्षा | १,३२,२०,००० | ५८,२०,००० | ० | ५८,२०,००० | ३,२९,८०७ | ० | ३,२९,८०७ |
| २८००० अन्य खर्च | १६,५८,४८५ | १३,०१,९४० | ० | १३,०१,९४० | १४,०८,५४९ | ० | १४,०८,५४९ |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २७,९१,७९,३४० | १९,९७,५४,७६९ | ० | १९,९७,५४,७६९ | १८,००,२५,४३३.६६ | ० | १८,००,२५,४३३.६६ |
| घ. अन्य भूक्तानी | ४,०१,१३,०४७.३४ | २,३५,२७,०८४ | | २,३५,२७,०८४ | ५८,१८,७६,६२६.८६ | | ५८,१८,७६,६२६.८६ |
| कोषहरु | ४,०१,१३,०४७.३४ | २,१०,८६,१७९ | ० | २,१०,८६,१७९ | १,८८,६०,१८८.५० | ० | १,८८,६०,१८८.५० |
| धरौटी | ० | २४,४०,९०५ | ० | २४,४०,९०५ | ३,९२,३३४ | ० | ३,९२,३३४ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० | ० | ० | ० | ० | ० |
| ङ. यो वर्षको | (६,९०,९६,०००) | २,३९,३०,४४१.५५ | | २,३९,३०,४४१.५५ | ५,५४,५३,६८१.२५ | | ५,५४,५३,६८१.२५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| बचत (न्युन) | | | | | | | |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ७,५६,७५,१३६.५९ | | ७,५६,७५,१३६.५९ | ७,४५,२९,८६७.३१ | | ७,४५,२९,८६७.३१ |
| वर्षान्तको बाकी रकम (ङ + च) | (६,९०,९६,०००) | ९,९६,०५,५७८.१४ | | ९,९६,०५,५७८.१४ | १२,९९,८३,५४८.५६ | | १२,९९,८३,५४८.५६ |
| | | | | | | | |

| | | | | |
|---|---|---|---|---|
| ४ | | | **निकाशा फिर्ता**<br>आर्थिक वर्ष २०७८।७९ मा निकासा मध्ये बाँकी रहेका संघीय सशर्त अनुदान तर्फ रु.४,७7,८०,३४१। मिति 207९।03।3२ मा नेपाल बैङ्क लि. बेनी शाखामा दाखिला भएको छ। संघीय विशेष तर्फ, प्रदेश विशेष अनुदान र समपुरक तर्फ निकासा अनुसार खर्च भएकोले फिर्ता दाखिला गर्नुपर्ने स्थिति रहेको देखिएन । | |
| ५ | | | **बित्तीय बिवरणको बिश्लेषण**<br>**वित्तीय विवरण** – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे को आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए को ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको वित्तीय विवरण सम्बन्धमा निम्नानुसार देखिएको छः<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । | |

| | | | | |
|---|---|---|---|---|
| | | | • स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) को प्रयोग गरेको भएतापनि सबै कारोवार सुत्रमा समावेश नभएकोले आम्दानी तथा खर्च भिड्दैन ।<br>• लेखापरीक्षणका क्रममा वित्तीय प्रतिवेदन र लेखाङ्कनमा फरक रहेको कारण स्थानीय तहले पेस गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । त्यसैले तोकेका वित्तीय विवरणहरू तथा खाताहरू अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ६ | | | **बित्तीय बिवरणमा समावेश नभएका कारोवार**<br>नगरपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्<br>(तालिका तल)<br>उक्त बाहेक नेपाल सरकार संघ तर्फ रु २९७५४७०। राजस्व असुली तथा दाखिला भएको छ । | |
| ७ | | | **कोष तर्फ**<br>बिभिन्न ८ वटा कोष तर्फ अनुसूची १५ मा गत बर्षान्तमा बाकी रु १९४७५०७१।३४ रहेकोमा यस बर्ष सोही अनुसूचीमा बर्षान्तमा शुरु मौज्दात रु ४०११३०४७।३४ भइ रु २०६३७९७६। फरक परेको छ । कोष तर्फ यस वर्षको आम्दानी देखाउने नगरेकोले सो रकम फरक पर्न गएको छ । यस बर्षको कोषहरुको आम्दानी शुरु मौज्दातमा समावेश नगरी छुट्टै निर्दिष्ट स्थानमा देखाउनुपर्दछ । | |
| ८ | | | **मौज्दात फरक र बैक समायोजन हिसाव** | |
| ८.१ | | | **जिम्मेवारी फरक परेको**–स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी यकिन गर्नुपर्दछ । तर स्थानीय तहको बित्तीय बिवरण म ले प फा नं मा २७२ | |

| सि.नं. | खर्च शीर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| 1. | सामाजिक सुरक्षा तथा संरक्षण | १३२८३२४१६ | १३२७८२०६६ |
| 2. | गरिबसँग विश्वेश्वर कार्यक्रम | ४६४००० | ४६४८४२ |
| | कुल जम्मा | १३३२९६४१६ | १३३२४६९०८ |

<table>
<tr><td></td><td></td><td></td><td>अनुसार गत वर्षको अन्त्यमा रु.१२९९८३५४८।५६ मौज्दात कायम भएकोमा यो वर्षको शुरुमा रु.७५६७५१३६।५९ जिम्मेवारी सारेको देखियो । गत बर्षको वित्तीय विवरण म.ले.प. फा.नं. २७२ मा रु ५४३०८४११।९७ घटी जिम्मेवारी सरेको सम्बन्धमा सुनिश्चित गरी हिसाब मिलान गर्नुपर्ने देखिएको रु——</td><td>५४३०८४११</td></tr>
<tr><td>८.२</td><td></td><td></td><td>अन्तर हिसाव फरक- यस पालिकाको संचित कोषको वित्तीय प्रतिवेदन म.ले.प.फा.नं.२७२ र पालीका कै स्थानीय तहहरुको एकिकृत वित्तीय विवरण रिपोर्ट १ को समग्र प्राप्ती, खर्च र मौज्दातमा देहाय अनुसार फरक परेको छ । यस्तो फरक रकमले पालिकाको संचित कोषले देखाउने वित्तीय अवस्थामा फरक पर्ने हुँदा समयमा यस्तो रकम सुनिश्चित गरी हिसाव अद्यावधिक गर्नुपर्दछ ।
<table>
<tr><th>विवरण</th><th>संचित कोष (म.ले.प.फा.नं.२७२ अनुसार</th><th>स्थानीय तहको एकिकृत वित्तीय विवरण रिपोर्ट -१ अनुसार</th><th>फरक</th></tr>
<tr><td>प्राप्ती</td><td>६७५५१३६९४।०५</td><td>७०१३२८६४१।३९</td><td>(२५८१४९४७।३४)</td></tr>
<tr><td>खर्च</td><td>६५१५८३२५२।५०</td><td>६२८०५६१६८।५०</td><td>२३५२७०८४</td></tr>
<tr><td>मौज्दात</td><td>२३९३०४४१।५५</td><td>७३२७२४७२।८९</td><td>(४९३४२०३१।३४)</td></tr>
</table></td><td></td></tr>
<tr><td>८.३</td><td></td><td></td><td>बैंक हिसाब मिलान नगरेको - स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण रु. १८८३००।स्थानीय संचितकोषमा दाखिला हुनुपर्ने रकम स्थानीय तह बिबिध खर्च खातामा पर्न गएको देखिन्छ। यस्तै निम्न तालिकामा समावेश नभएको पालिकाको चालु खर्च खातामा शुन्य मौज्दात रहेकोमा सोको बैंक खातामा रु ३२५४२५।५३ मौज्दात देखिएकोले उक्त दुबै रकम रु ५१३७२५।५३ स्थानीय संचितकोषमा दाखिला गरी हिसाब मिलान गर्नुपर्ने देखिएको रु——
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>1</td><td>स्थानीय तह बिबिध खर्च खाता</td><td>०</td><td>१८८३००।</td><td>१८८३००।</td></tr>
<tr><td>2</td><td>स्थानीय तह संचितकोष</td><td>७३२७२४७२।८९</td><td>७३०८३६३०।३६</td><td>(१८८८४२।५३)</td></tr>
</table></td><td>५१३७२५</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | \| जम्मा \| ७३२७२४७२।८९ \| ७३४६०२३०।३६ \| (५४२।५३) \| | |
| ९ | | | **बजेट तथा कार्यक्रम** | |
| ९.१ | | | **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | जम्मा खर्चको तुलनामा खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | 40073340.00 | 31155864.00 | ४.९६ |
| २ | पूर्वाधार विकास | 166300000.00 | 118685228.00 | 18.90 |
| ३ | सामाजिक विकास | 368698000.00 | 328496510.00 | 52.30 |
| ५ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | 31119000.00 | 21955379.00 | 3.50 |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | 158424082.31 | 127763187.50 | 20.34 |
| जम्मा | | 764614422.31 | 628056168.50 | 100.00 |

| | | | | |
|---|---|---|---|---|
| ९.२ | | | **अबण्डा बजेट** — स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय—व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष रु. १ करोड ५२ लाख ५२ हजार बिबिध मा राखि अबण्डा हुनेगरी खर्च गरेको छ ।उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितिको निर्णयबाट पुँजीगततर्फ विभन्न शीर्षकमा पुरै बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ । | |
| ९.३ | | | **कार्यक्रम परिवर्तन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई | |

<table>
<tr><td></td><td></td><td></td><td>खर्च गर्न नपाउने उल्लेख छ।सो विपरीत वडा कार्यालयहरूको सिफारिसमा नगरकार्यपालिकाले निर्णयानुसार विभिन्न मितिमा फटक पटक कार्यक्रम संसोधन गरी रकम खर्च गरेको पाईयो । (रु हजारमा)
<table>
<tr><td>सि.नं.</td><td>मौजुदा कार्यक्रम</td><td>रकम (हजारमा)</td><td>परिवर्तित कार्यक्रम</td><td>रकम</td></tr>
<tr><td>१</td><td>विभिन्न २१ कार्यक्रम</td><td>१७७५५</td><td>विभिन्न ७७ कार्यक्रम</td><td>६१४१६</td></tr>
</table></td><td></td></tr>
<tr><td>९.४</td><td></td><td></td><td>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तगर्त ६ बिद्यालयलाइ भवन निर्माणको लागि कार्यक्रम स्वीकृत भइ नेपाल सरकारवाट रु १ करोड ४४ लाख निकाशा भएको अवस्थामा समेत सम्बन्धित बिद्यालयलाइ रकम निकाशा दिइ भवन निर्माण कार्य गराएको देखिएन ।नेपाल सरकार श्रोतको यस कार्यक्रम कार्यान्वयन नहुदा बिद्यालयको भौतिक अवस्था सुधार्ने अवसरवाट ती बिद्यालयहरु बन्चित भएको देखियो । अत संघ तर्फको पनि तोकिएका कार्यक्रमहरुको कार्यान्वयन हुनुपर्दछ ।<br>सुरक्षित नागरीक आवास —नेपाल सरकार सशर्त अनुदान श्रोतको सुरक्षित नागरीक आवास कार्यक्रम अन्तगर्त म्याग्दी जिल्ला क्षेत्र नम्वर १ बेनी नगरपालिकामा १०५ वटा आवासका लागि रु २० लाख वजेट स्वीकृत भएकोमा ११ जनालाइ दुबै किस्ता रु ५००००। का दरले रु ५५००००। र अरु ११ जनालाइ पहिलो किस्ता रु ३००००। का दरले रु ३३००००। गरी ८६००००। निकाशा भएको छ । नेपाल सरकारको यस कार्यक्रममा लक्ष्यको ४३ प्रतिशत मात्र रकम निकाशा भइ कार्यान्वयन भएको अवस्था देखिएको छ । कार्यक्रमको लक्ष्य अनुसार प्रगति हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९.५</td><td></td><td></td><td>बजेट पेस, पारित र अख्तियारी - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपप्रमुख श्री सञ्जु वरुवालले २०७८।३।१० गते रु.६६ करोड ५ लाख ६७ हजारको बजेट सभा समक्ष पेस गरेकोमा २०७८।३।१३ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।३।२० मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । नगरपालिकाले</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | मिति २०७८/९/२८ र २०७९/३/१० मा सभाबाट बजेट संशोधन गरी रु.७३ करोड ४६ लाख १४ हजार पुगेको देखिन्छ । | |
| ९.६ | | | **कोभिड खर्च**–यस नगरपालिकाले यस बर्ष कोभिड १९ अन्तगर्त गत बर्षको जिम्मेवारी सरी आएको रु ३२२९९३३। मा यस वर्ष थप आम्दानी नभएकोले सोही रकमवाट रु १७४०१३।का औषधी तथा स्वास्थ्य उपकरण खरिद, रु ३६७४३। जोखिम भत्ता र रु ६९७४८०। अन्य खर्च समेत रु ९०८२३६। खर्च गरी रु २३२१६९७। मौज्दात बाकी रहेको छ । यस कार्यक्रममा उल्लेख्य खर्च नभएको अवस्थामा प्रयोजन नखुल्नेगरी अन्य खर्च शीर्षकमा रु ९०८२३६। खर्च लेखेको आधार स्पष्ट छैन । यस्तो अन्य खर्चमा नियन्त्रण हुनुपर्दछ . | |
| १० | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्नेमा लागू गरेको पाईएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपसिल बमोजिम रहेका छन्:<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाँउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजस्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति रहने व्यवस्था गरेकोमा पालिकाले उक्त समिति गठन गरेको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म ३० ऐन समेत ३५ कानुन एवं कार्यविधि निर्माण गरी कार्यान्यनमा ल्याएको छ । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• पालिकाबाट संचालन भएका रु १२८८४१६७५। लागतका ४२० योजनाहरु कार्यान्वयनका लागि गठन गरेका उपभोक्ता समितिहरु संस्था दर्ता ऐन, २०३४ दफा ३ बमोजिम मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम 6क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिएको तथा इ टीडिएस गरेको पाइएन।<br>• निजामती सेवा ऐन, २०४९ को दफा ५क बमोजिम कर्मचारीहरूको कार्य विवरण बनाई लागू गरेको पाईएन ।<br>• पालिकाले २०७८।७९ को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ बमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• पालिकामा ५२ जना कुल दरबन्दी रहेकोमा ३८ पदपूर्ति भई १४ जना रिक्त रहेको मध्ये ८ जना करार रहेको छ।<br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन ।<br>• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>• दिगो विकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरू तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन।<br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br>• ठेक्काहरूको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्पmबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने,मा सो नगरेको र लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन । शहरीकरण भइरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एवं कार्ययोजना तयार गरेको पाईएन ।<br>• योजनागत रुपमा अलग अलग नापी किताब नराखेको एवं निर्माण कार्यको हालसम्मको परीमाण र खर्च देखिने एकिकृत नापी किताव प्रयोगमा नल्याएको ।<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ बमोजिम पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको रेखदेख,मर्मत सम्भार र संरक्षण गरे नगरेको अभिलेख राखेको पाइएन ।<br>• पालिका अन्तर्गत चालु आ.व. मा ’घ÷ वर्गको इजाजत पत्र नलिएका ४३ वटा संस्था बाहेक अन्य व्यवसाय दर्ता तथा नवीकरणको अभिलेख व्यवस्थित राखेको पाइएन ।<br>• कतिपय विल, भरपाई, गोश्वार भौचर, माग फारम र दाखिला प्रतिवेदनमा सम्बन्धितको सहीछाप र विल भरपाई प्रमाणित नगरेको ।<br>• उपभोक्ता समितिबाट भएको कार्यको कतिपय भुक्तानी भरपाई मार्फत गरेको ।<br>• तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

<table>
<tr><td>११</td><td></td><td></td><td>खर्च बिश्लेषण र चौमासिक खर्च</td><td></td></tr>
<tr><td>११.१</td><td></td><td></td><td>खर्च विश्लेषण —पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.३३,९,44,२८१।राजस्व बाँडफाँड रु११, २५, ७६, ७६०। र अनुदानबाट रु.४८,५०,९४,3१३।समेत रु.63,१६,१5,३५५।आम्दानी भएकोमा चालु तर्फ रु.४२,८३,०१,३९९।- र पुँजीगत तर्फ रु.1९,९७,5४,७६९।- समेत रु.६२,८०,५6,१६८।- खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ५.40 प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुविधामा रु.1,२४,७७,९२३।- खर्च भएको छ जुन आन्तरिक आयको ३६.७६ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट 67.81 प्रतिशत चालु र 31.६२ प्रतिशतमात्र पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरूले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।<br>लेखापरीक्षणलाई कार्यालयबाट प्राप्त विवरण अनुसार यस वर्ष कुल आन्तरिक आम्दानी रु.३,३९,४४, २८१। रहेकोमा पालिकाको कुल प्रशासनिक खर्च रु.१२,७७,६३,१८७। रहेको छ । आन्तरिक आयको तुलनामा प्रशासनिक खर्चको हिस्सा ३.७६ गुणा बढी रहेको छ । पालिकाले आन्तरीक आम्दानीका थप स्रोतहरू बढाउन पहल गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>११.२</td><td></td><td></td><td>चौमासिक पुँजीगत खर्च - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ स्वीकृत भएको कार्यक्रममा नियम २५ चौमासिक प्रगति विवरण वनाई पेस गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासिक र आषाढमा बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।
<table>
<tr><td rowspan="2">सि.नं.</td><td rowspan="2">पुँजीगत खर्च शीर्षक</td><td rowspan="2">कुल खर्च</td><td colspan="3">चौमासिक खर्च (रु.हजारमा)</td><td rowspan="2">आषाढ महिनाको मात्र खर्च रु हजारमा</td></tr>
<tr><td>प्रथम चौमासिक</td><td>दोस्रो चौमासिक</td><td>तेस्रो चौमासिक</td></tr>
<tr><td>1</td><td>पुँजीगत</td><td>७७३६</td><td>२५६४</td><td>१५९७</td><td>३५७५</td><td>३५७५</td></tr>
<tr><td></td><td>खर्च प्रतिशत</td><td></td><td>३३.१४</td><td>२०.६४</td><td>४६.२१</td><td>४६.२१</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>आर्थिक सहायता</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । यस स्थानीय तहले उपचार प्रयोजनको लागि यो वर्ष विभिन्नन184 व्यक्ति एवं संघ संस्थालाई रु.17 लाख ४४ हजार आर्थिक सहायता वितरण गरेको पाइयो । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ । | |
| १३ | | | **प्रगति विवरण नभएको**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा योजना छनौट तथा सञ्चालन सम्बन्धी व्यवस्था छ । पालिकाले यस वर्ष उपभोक्ता समितिवाट सञ्चालित कुल ४२० योजनाहरू सञ्चालन गरेको देखियो । पालिकाले सञ्चालित योजनाहरूको प्रगति विवरण पेस हुन आएन । सञ्चालित योजनाहरूको कार्यसम्पन्न अवस्था, वित्तीय एवं भौतिक प्रगति स्थिति समेतको क्रियाकलापगत र रकमगत परिमाण खुल्ने गरी एकीकृत रुपमा प्रगति प्रतिवेदन तयार नगरेकोले सो को विश्लेषण गर्न सकिएन । अतः स्वीकृत कार्यक्रम बमोजिम कार्य सञ्चालन र सञ्चालित कार्यको प्रगति विवरण तयार हुनुपर्दछ | |
| १४ | | | **योजना र कार्यान्वयन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरूको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरू देहायअनुसार छन् । | |

| क्र सं | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमका योजना | ११ | ७८४२५० |
| २ | रु १ लाख एक देखि रु ५ लाख सम्मका योजना | ३३० | ८०५९२२२२ |
| ३ | रु ५ लाख एक देखि रु १० लाख सम्मका योजना | ६० | ४२४४८०५० |
| ४ | रु १० लाख एक देखि रु ५० लाख सम्मका योजना | १९ | ८५६०९३७५ |

| | | | |
|---|---|---|---|
| ५ | रु ५० लाख भन्दा माथिका योजनाहरु | ० | ० |
| | जम्मा | ४२० | १२८८४१६७५ |

१५ **सेवा प्रवाह**

आ.ब २०७८।७९ मा निम्न बमोजिमका सेवा प्रवाह भएको देखिन्छ । लेखापरीक्षणको लागि प्राप्त विवरण अनुसार गत वर्ष १२४४ नागरिकता सिफारिस, ५२ नक्सा पास, २९९ घरबाटो सिफारिस र ५०८ नाता प्रमाणित भएकोमा यस वर्ष नागरिकता सिफारिस, नक्सा सिफारिस , घरबाटो सिफारिस र नाता प्रमाणित सेवा शुन्य रहेको छ ।

| सि.नं. | विवरण | गत वर्ष सेवा प्राप्तिका लागि निवेदन र सिफारिस सख्या | यस वर्ष सेवा प्राप्तिका लागि निवेदन र सिफारिस सख्या |
|---|---|---|---|
| १ | विवाह दर्ता | २१२ | ३९० |
| २ | जन्म दर्ता | ७४० | ९२० |
| ३ | मृत्यु दर्ता | २२३ | ३०० |
| ४ | बसाईसराई दर्ता | ६७ | १९३ |
| ५ | सम्बन्ध विच्छेद | १८ | ५३ |
| ६ | नागरिकता सिफारिस | १२४४ | ० |
| 7 | घरबाटो सिफारीस | २९९ | ० |
| 8 | नक्सा पास | ५२ | ० |
| 9 | नाता प्रमाणीत | ५०८ | ० |

१६ **न्याय सम्पादन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६देखि ५३ सम्म अधिकारक्षेत्र तथा न्याय सम्पादनको प्रकृयाको व्यवस्था गरेको छ । समितिमा परेका उजुरीमध्ये मेलमिलाप प्रकृतिको आधारमा दर्ता भएको 3 महिना भित्र टुङ्गो लगाउने

| | | | | |
|---|---|---|---|---|
| | | | व्यवस्था छ । गत आ.व सम्म फछ्यौंट नभएको उजुरी ८ यस वर्ष कार्यालयमा ८ वटा उजुरी दर्ता भई कायम १६ मा ४ वटा फर्छौंट भएको र १२ वटा उजुरी फछ्यौंट हुन बाँकी देखिन्छ । | |
| १७ | | | **प्रतिस्पर्धा सिमित-**<br>बेनी नगरपालिका वार्ड न ५ मूलाश्रममा रावण पार्क निर्माण गर्न २०७८।३।१४ मा बोलपत्रको सार्वजनिक सूचना प्रकाशनभइ पर्न आएका ५ थान बोलपत्रको प्राविधिक मुल्याकंन गरी २०७८।४।१३ मुल्याकंन समितिले पेश गरेको प्रतिवेदन अनुसार जुम्ली माछापुच्छ्रे जेभीको मूर्तीकारको प्रतिवध्दता पत्र अपुग भएको ,सोभाराम हिमालयन ताण्डेश्वर जेभीको बढीमा २ मात्र जे भी को सम्झौता हुनुपर्नेमा ३ जेभी पार्टनर देखिएको र बुध्द हिमाली कन्स्ट्रक्शनको बोपत्र कागजातको शुल्क तोकीएको खातामा जम्मा नभएको आधारमा यी ३ वोलपत्र प्राविधीक मुल्याकंनवाट अयोग्य ठहर भएको देखियो । बाकी २ मध्ये घटी कवोल गर्ने धर्मा एस काश्यप जेभी को रु १७६७७५६३। ( लागतअनुमान भन्दा ३९.१५ प्रतिशत घटी ) को बोलपत्र२०७८।५।२५ स्वीकृत भइ १५ महिनामा सम्पन्न गर्ने गरी २०७८।६।१७ मा सम्झौता भएको छ ।निज निर्माण व्यवसायालाइ यस बर्ष प्रथम रनिगं बिजकको रु २२३५५४९। र मोविलाइजेशन पेश्की रु ३५३५०००। भुक्तानी भएको छ ।<br>बोलपत्र कागजातको बोलपत्रदातालाइ सुचना (ITB 4.1a) अनुसार २ मात्र जेभीको सम्झौता हुनुपर्नेमा ३ जेभीको सम्झौता भएको आधारमा १ वोलपत्रदाताको वोलपत्र प्राविधिक मुल्याकंनवाट अयोग्य गरेकोमा सार्वजनिक खरिद व्यवस्थापन कार्यालय (PPMO) को नमुना वोलपत्र कागजातको सोही खण्डमा अधिकतम जेभीको संख्या ३ उल्लेख छ । यसरी नमुना वोलपत्रकागजात भन्दा फरक हुनेगरी र प्रतिस्पर्धा सिमित हुनेगरी मुल्याकंन क्राइटेरीया राखि सोको आधारमा मुल्याकन गरी बोलपत्र स्वीकृत भएको नियम सम्मत देखिएन । | |
| १८ | | | **बोलपत्रको स्वीकृति**<br>सार्वनिक खरिद नियमावली, २०६४ को नियम ६७(दशौ संशोधन सम्म) मा रु. ३ करोड सम्मका वोलपत्र राजपत्रांकित तृतीय श्रेणीको कार्यालय प्रमुखले स्वीकृत गर्न सक्ने व्यवस्था छ।यस पालिकाले यस वर्ष सडक तथा संरचना निर्माण तथा स्तरोन्नतीका निम्न वोलपत्र उक्त नियम अनुसारको कार्यालय प्रमुखबाट स्वीकृत नगरी मूल्यांकन समितिबाट मुल्याकंन भएको आधारमा मात्र संझौता गरी कार्यदिश दिएको नियम सम्मत देखिएन ।<br><table><tr><td>ठे.नं.</td><td>निर्माण व्यवसायी</td><td>सम्झौता मिति</td><td>कवोल अंक</td><td>भुक्तानी रकम</td></tr><tr><td>१।२०७८।७९</td><td>गलेश्वर काउले डांडा पातलेखेत सडक</td><td>२०७८।८।२६</td><td>१४६३८९१२</td><td>१४६३८९१२</td></tr></table> | |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | | | **लागत अनुमान**<br>बेनी नगरपालिका वार्ड न ५ मूलाश्रममा रावण पार्क निर्माण गर्न संस्कृति पर्यटन तथा नागरीक उड्डयन मन्त्रालयवाट स्वीकृत भए अनुसार संघीय सरकारवाट हस्तान्तरीत कार्यक्रमवाट रु २११०००००। र नगरपालिका पूजिगतवाट रु ११४०००००। समेत ३२५०००००।को बजेट तथा लागत अनुमान प्रमुख प्रशासकीय अधिकृतवाट स्वीकृत भएको छ ।उक्त लागत अनुमानमा न्यूनतम ४००० के जी र २० फिट अग्लो पित्तलको १० टाउको भएको रावणको मूर्ती निर्माणको लागि मात्र रु ७६२७५०० (मु अ कर सहित) लागत अनुमान गरेको छ ।उक्त मूर्तीको लागि मु अ करमा दर्ता नभएका ३ फर्म आकार कलाधार निजगढ वारा, भाप कलालय नुवाकोट र गौंथली क्रियशन काठमाणडौवाट सिधै दरभाउपत्र लिइ घटी दररेट भएको आकार कलाधार निजगढ वाराको दर मु अ कर बाहेक रु ६७५०००० लागत अनुमानको आधार लिएको छ।यस्तो दरलाइ पुरातत्व बिभागवाट दररेट लिइ तुलनात्मक बिश्लेषण नगरेकोले सो मूर्तीको लागत अनुमान मितव्ययी भएको सुनिश्चित हुने आधार रहेन । | |
| २० | | | **भेरिएशन**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका वखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति संझौता कार्यान्वयनका क्रममा सृजना भएमा सोको स्पस्ट कारण सहित नियमावलीको नियम ११८ वमोजिम भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ। ठेक्का नम्वर १।२०७८।७९ अन्तर्गत गलेश्वर काउले डांडा पातलेखेत सडक निर्माण कार्यको शुरु सम्झौता रु १४३५९७२२।१३ को २।०२ प्रतिशतले बढ्नेगरी १४६५०२१२।२३ को संशोधित संझौता रकम कायम हुनेगरी भेरीएशन आदेश जारी गरेको छ । सडक ढलानमा रहेको सिगंल जालीमा प्रयोग भएको दण्डी ८ एम एम को सट्टा १० एम एम प्रयोग गर्ने, पुरानो जिर्ण सिलिगं पुन निर्माण गर्ने र बस्ती संरक्षण कार्यमा मेशनरी वाल थप लगाउन नगरस्तरीय अनुगमन समितिको सिफारीश अनुसार उक्त भेरीएशन भएको छ । सो भेरीएशन पुर्वानुमान गर्न सकिने प्रकृतिको भएको र प्राविधिकको प्रतिवेदन समेत नरहेकोले भेरीएशन कार्य नियम सम्मत देखिएन ।उक्त नियमको व्यवस्था अनुसार पुर्वानुमान गर्न नसकिने कार्यमा मात्र प्राविधिक पुष्ट्याइका साथ भेरीएशन गर्नुपर्दछ । | |
| २१ | | | **निर्माण कार्यको गुणस्तर** | |
| २१.१ | | | क) ठे नं ३।२०७८।८९ वाट बेनीबजार शहरी सडक कालोपत्रे योजनाको निर्माण कार्यको लागि निर्माण व्यवसायी रामकृष्ण कन्स्ट्रक्शन संग २०७८।१२।१५ सम्ममा सम्पन्न गर्नेगरी २०७८।१०।११ मा सम्झौता भएकोमा | |

| | | | | |
|---|---|---|---|---|
| | | | २०७९।१।२५ सम्म म्याद थप भइ २०७९।१।१४ मा सम्पन्न भएको छ । निर्माण कार्यको लागी रु २४७७९६८। मा सम्झौता भएकोमा सम्पन्न निर्माण कार्यको रु २२९६४६३। भुक्तानी भएको छ । सो कार्य अन्तर्गत वार्ड नम्वर ७ को सडकमा Premix Carpet १० एम एममा लगाउने कार्यमा नेपाल पत्रकार संघको कार्यालय अगाडी देखि जिल्ला प्रशासन कार्यालय सम्म ५४।२६ घनमीटरको रु १२०००का दरले रु ७३५७६६ मु अ कर सहित भुक्तानी भएको छ भने वार्ड नम्वर ८ मा जिल्ला प्रशासन कार्यालय देखि सामुदायिक चौक सम्मको सडकमा Premix Carpet २० एम एममा लगाउने कार्यमा ३६।६२ घनमीटरको रु १२०००का दरले रु ४३९४४०। मु अ कर सहित भुक्तानी भएको छ । यसरी दुबै तर्फ गरी कुल ९०।८८ घ मी Premix Carpet लगाएको एउटै दर रु १२०००। ले रु १०९०५६०। भुक्तानी भएको छ । यसवाट १० एम एम को Premix Carpet लगाउने कार्यमा वढी भुक्तानी भएको रु ३६७८६३। असुल गर्नुपर्ने देखिएको रु ————.. | ३६७,८६३ |
| २१. २ | | | ख) कार्यालयले निर्माण गर्ने भौतिक संरचनाको गुणस्तर कायम गर्न निर्माण व्यवसायीले पेश गरेको गुणस्तर आश्वसस्ता योजना कार्यालयवाट स्वीकृत गरी तदनुसार गुणस्तरीय भौतिक संरचना निर्माण कार्य सम्पन्न गराउनु पर्दछ । कार्यालयले तदनुसार गुणस्तर आश्वसस्ता योजना स्वीकृत नगरेको अवस्था रहेको छ। निर्माणकार्यको गुणस्तर कायम गर्न सम्झौताको BOQ मा राखिएको प्रयोगशाला परीक्षणको रकम समेत भुक्तानी माग नगर्ने र भुक्तानी नगर्ने अवस्था रहेको देखियो ।उदाहरणको लागि ठे नं ३।२०७८।८९ वाट बेनीबजार शहरी सडक कालोपत्रे योजनाको निर्माण व्यवसायी रामकृष्ण कन्स्ट्रक्शनलाइ बीमा वापत BOQ मा राखिएको प्रयोगशाला परीक्षणको रकम रु २०००० यस बर्ष भुक्तानी भएको छैन । यसवाट यस बर्ष निर्माण सम्पन्न भएका र निर्माणाधीन अवस्थामा रहेका भौतिक संरचनाको गुणस्तर सुनिश्चित हुने आधार रहेन । यस्तै बेनीबजार शहरी सडक कालोपत्रे योजनाको निर्माण कार्यको लागि निर्माण व्यवसायी रामकृष्ण कन्स्ट्रक्शनलाइ २०७८।१२।३० मा सडकको गुणस्तर सुधार गर्न लिखित निर्देशन दिएकोमा तदनुसार सुधार भएको प्राविधिक प्रतिवेदन लिएको छैन ।यसमा सुधार हुनुपर्दछ । | |
| २२ | | | **वीमा** | |
| २२. १ | | | • **वीमा नभएको**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ (क) मा रु.२० लाख भन्दा वढीको निर्माण कार्यको जोखिम विरुद्ध वीमा निर्माण व्यवसायीलाई निर्माण स्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाणपत्र जारी गरिने मिति सम्म निर्माण कार्यको कुनै खण्ड वा अंशमा उप नियम २ को असाधारण परिस्थितिमा वाहेक अन्य जुनसुकै कारणबाट हुने सवै हानी नोक्सानी विरुद्ध निर्माण कार्यको वीमा गराउनु पर्ने व्यवस्था छ | |

<table>
<tr><td></td><td></td><td></td><td>। कार्यालयले यस वर्षका निम्न निर्माण कार्यको बीमावापतको रकम भुक्तानी नभएकोले निर्माण कार्यको वीमा गरेको छैन । निर्माण कार्यको कुनै पनि जोखिम विरुद्ध वीमा गरिनु पर्दछ ।
<table>
<tr><td>ठे.नं.</td><td>निर्माण कार्य/निर्माण व्यवसायी</td><td>संझौता रकम</td><td>हुनुपर्ने वीमा रकम</td></tr>
<tr><td>२।०७८।७९</td><td>अर्थुग पुलाचौर भूतपानी सडक । बि एम ए निर्माण सेवा</td><td>५५५५९३२</td><td>६३८९३२१</td></tr>
<tr><td>३।०७८।७९</td><td>बेनी वजार शहरी सडक कालोपत्रे योजना</td><td>२४७७९६८।</td><td>२८४९६६३</td></tr>
</table>
<ul><li>वीमा अवधी- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण व्यवसायीलाई निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाण पत्र जारी गरिने मिति सम्म निर्माण कार्यको जुनसुकै कारणबाट हुने सवै हानी नोक्सानी विरुद्ध वीमा गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले निम्न निर्माण कार्यको तदनुसार अवधि समेटीने गरी वीमा गरेको छैन । उक्त व्यवस्था अनुसार निर्माण कार्यको वीमा अवधि कायम गरिनु पर्दछ ।</li></ul>
<table>
<tr><td>ठे.नं.</td><td>निर्माण कार्य</td><td>संझौता रकम</td><td>सम्पन्न हुने मिति</td><td>कायम वीमा मिति</td></tr>
<tr><td>३।२०७७।७८</td><td>खुलामञ्च बिस्तार योजना</td><td>२६१४८९४</td><td>२०७८।६।२७</td><td>२०७९।२।३०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२२.<br>२</td><td></td><td></td><td>बीमाङ्क- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक रु. २० लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण कार्यको जोखिम वापत प्रतिस्थापन खर्चको १५ प्रतिशत रकम समेटीने गरी वीमा गराउनुपर्ने व्यवस्था छ। ठे नं १।२०७८।७९ गलेश्वर काउले डाडा पातले खेत सडक निर्माणको लागी कवोल अंक रु १४३५९७२२।१० मा ११५ प्रतिशतले वीमाकं हुनुपर्नेमा ११० प्रतिशतले वीमा गरेकोले नपुग ५ प्रति शतले हुने रु ७१७९८६। समेट समेटीने गरी बीमाकं कायम भएको बीमा पोलिसी तथा करबिजक समेत पेश हुनुपर्ने रु</td><td>७१७,९८६</td></tr>
<tr><td>२३</td><td></td><td></td><td>बढी भुक्तानी</td><td></td></tr>
<tr><td>२३.<br>१</td><td>59</td><td>२०७<br>९-३-<br>२५</td><td>नापी भन्दा बढी भुक्तानी - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिकि नापजाँच गर्दा नापी किताव (मेजरमेन्ट बुक)मा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा कारारकको शर्त अनुसार रनिङ्ग विल वा अन्य कुनै विल भूक्तानी गर्न सक्ने व्यवस्था छ।ठेक्का नम्वर ५ २०७८।७९ मा तमामे गोशोरा खानेपानी योजनामा</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>निर्माण व्यवसायी खुशी होम जेभी लाइ भौ न ५९।२०७९।३।२५ मा दोस्रो रनिगं विलको १९६१९४८। भुक्तानी गर्दा नापी किताव अनुसार निम्नानुसारको रु ९३६३७९।०२ काम देखिएकोले नापी भन्दा रु १०२५५६८।९८ बढी भुक्तानी रकम सम्बधित कर्मचारीलाइ जिम्मेवार बनाइ असुल गर्नुपर्ने देखिएको रु ——
<table>
<tr><th>सि नं</th><th>कार्य बिवरण</th><th>मुअकर बाहेकको रकम</th></tr>
<tr><td>१</td><td>Stand post</td><td>१०३१९।५०</td></tr>
<tr><td>२</td><td>Distribution Chamber DC</td><td>२५८३३।००</td></tr>
<tr><td>३</td><td>Barbed wire fencing</td><td>६३३४५।००</td></tr>
<tr><td>४</td><td>E/w Procurement and back filling of pipe line</td><td>७२२१६२।५०</td></tr>
<tr><td>५</td><td>House connection</td><td>६९९४।००</td></tr>
<tr><td></td><td>जम्मा मु अ कर बाहेक</td><td>८२८६५४।००</td></tr>
<tr><td></td><td>जम्मा मु अ कर समेत</td><td>९३६३७९।०२</td></tr>
<tr><td></td><td>भुक्तानी भएको मु अ कर समेत</td><td>१९६१९४८।००</td></tr>
<tr><td></td><td>नापी भन्दा बढी भुक्तानी मु अ कर समेत</td><td>१०२५५६८।९८</td></tr>
</table></td><td>१०२५५६८.९८</td></tr>
<tr><td>२३.२</td><td></td><td></td><td>बढी भुक्तानी- आर्थिक कार्यविधी नियमावली २०७७ को नियम ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले हानीनोक्सानी वा लापरवाही हुन नपाउने गरी उचित प्रवन्ध मिलाउनु पर्ने व्यवस्था छ । ठेक्का नम्वर ५ २०७८।७९ मा तमामे गोशोरा खानेपानी योजनामा निर्माण व्यवसायी खुशी होम जेभीलाइ भौ न ३८।२०७९।३।६ मा प्रथम विलको रु ११९९९५२।२५ भुक्तानी गर्नुपर्नेमा ११९९९५३। भुक्तानी गरी रु ८००००। बढी भुक्तानी भएको मा भौ न ५९।२०५९।३।२५ मा दोस्रो रनिगं विलको १९६१९४८। भुक्तानी गर्दा अघिल्लो बिलमा बढी भुक्तानि भएको रकम मध्ये रु २२८७६।९० मात्र मिलान गरेकोले अझै बढि भुक्तानी भएको रु ५७१२३।१० सम्बन्धीत कर्मचारीलाइ जिम्मेवार बनाइ असुल हुनुपर्ने रु ————</td><td>५७१२३.१</td></tr>
<tr><td>२४</td><td></td><td></td><td>चेनेजको प्रयोग-</td><td></td></tr>
</table>

सडक निर्माण कार्यको लागत अनुमान तयार गर्दा र भुक्तानीका लागि नापि गर्दा सडकको चेनेज खुलाउनु पर्ने व्यवस्था छ। यसबाट काममा दोहोरोपना नहुने नापि कितावमा वास्तविक कामको नापि भएको परिमाण मात्र अभिलेख हुने अवस्थामा पालिकाले निर्माण गर्ने सडक निर्माण सुधार कार्यको लागत अनुमान तयार गर्दा र भुक्तानीको लागि नापी गर्दा सडकको चेनेज नम्वर खुलाएको छैन। यसबाट नापी गरिएको परिमाण चेनेजमा आधारीत नहुँदा नापी गरिएको परिमाण र काममा दोहोरोपना नहुने सुनिश्चित हुने आधार रहेन।पालिकाले गर्ने सडक निर्माणकार्यको लागत अनुमान बनाउदा र भूक्तानीको लागी कामको नापजांच गर्दा सडकको बास्तविक चेनेज खुलाउनुपर्दछ । यस सम्बन्धी केही उदाहरण निम्नानुसार रहेको छ :

| ठे नं | निर्माण कार्य | संझौता रकम | भुक्तानी रकम |
|---|---|---|---|
| १।२०७८।७९ | गलेश्वर काउले डांडा पातलेखेत सडक | १४६३८९१२ | १४६३८९१२ |
| २।२०७८।७९ | अर्थुगं पुलाचौर भुतपानी सडक | ५५५५९३२ | ५२७६३६७ |
| ३।२०७८।८९ | बेनीबजार शहरी सडक कालोपत्रे योजना | २४७७९६८ | २२९६४६३ |

२५

**माटोको खन्ने कार्यमा बढी दर र ग्याविन जालीमा बढी दर**

**ग्याविन जालीमा बढी दर:**

माटोको खन्ने कार्यमा बढी दर - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारको शर्त बमोजिम प्राविधिक जापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । नरम र कडा माटो खन्ने कार्यको लागि प्रति घन मिटर क्रमश रु ८० र ८५। जिल्ला दररेट स्वीकृत भएको छ। पालिकाले सबै प्रकारको माटो (All types of soil) खन्ने कार्यको रु.६७८.०८ का दरले भुक्तानी गरेको छ । नरम र कडा माटोको दरलाई औषतको रुपमा कार्य गर्दा प्रति घ.मी. रु.८२.50 पर्न आउने देखिन्छ । यसरी तोकिएको दर भन्दा बढी दरमा भुक्तानी भएको रु. ११४२५६ असुल गर्नुपर्ने रु १२००६८

| गो.भौ.नं. र मिति | योजनाको नाम | कार्य | परिमाण (घमि) | भुक्तानी दर | हुनुपर्ने दर | फरक दर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १८२-०७८/१२/१० | गहते देखि अनाजे सडक मर्मत उ स | माटोखन्ने | १९१।८४ घ.मि. | ६७८.०८ | ८२.५ | ५९५।५८ | ११४२५६ |
| | | | | | | जम्मा | ११४२५६ |

**ग्याविन जालीमा बढी दर**-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारको शर्त बमोजिम प्राविधिक जापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । उक्त ग्याविन जालीको मुल्य जिल्लादररेट अनुसार निर्धारण भएको दर अनुसार निर्माण कार्यमा प्रयोग भएको सम्बन्धित जालीको मुल्य नै राख्नुपर्नेमा सबै जालीहरुमा औषत मुल्य रु.4222.37 (ढुवानी वाहेक) राखेर भुक्तानी दिएको छ ।जसले गर्दा तोकिएको दर भन्दा रु ५८१२ बढी भुक्तानी भएको देखियो । यसरी तोकिएको दर भन्दा बढी दरमा भुक्तानी भएको असुल गर्नुपर्ने रु

| गो.भौ.नं. र मिति | योजनाको नाम | जालीको प्रकार | परिमाण (घमि) | भुक्तानी दर | हुनुपर्ने दर | फरक दर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | ढुवानी वाहेक | | | |
| १८२-०७८/१२/१० | गहते देखि अनाजे सडक मर्मत उ स | 2*1*1 | २८ | 4222.4 | 4014.8 | 207.58 | ५८१२ |
| | | | | | | जम्मा | ५८१२ |

२६

**भेरीएशन र बिल बेगर भुक्तानी**

**भेरीएशन**- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा पुर्वानुमान गर्न नसकिने कुनै कार्य निर्माणको सिलसिलामा आइपरेमा मात्र प्राविधिक पुष्ट्याइ सहित भेरीएशन आदेश स्वीकृत गर्नुपर्ने व्यवस्था छ । पालिकाले क्याण्टीन निर्माणको क्रममा शुरु सम्झौता रु १४०१७४४।१५ रहेकोमा क्याण्टीनको गेट शुरुमा एम एस कोल्याप्सेवल आइरन गेट २६७।७५ बर्ग फिटको दर २६५। ले रु ७०९५३।७५ बनाउने कार्यमा भेरीएशन गरी आइरन रोलिगं सटर २६७।७५ वर्ग फिटको ३६३।ले ९७१९३।२५ जडान कार्य गरेको छ । यसरी भेरीएशन गर्दा पुर्वानुमान गर्न नसक्ने अवस्था नरहेको, लागत अनुमान र संझौताको रकम संशोधित कायम नभएको र प्राविधीक पुष्ट्याइ समेत नरहेकोले सो भेरीएशन कार्य नियम सम्मत नदेखिएको साथै सो भेरीएशनवाट रु २९६५०। बढी व्ययभार पर्न गएको छ । अतः निर्माण कार्यको भेरीएशन गर्दा उक्त नियमावलीको व्यवस्थाको पालनाहुनुपर्दछ ।

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
बिल बेगर भुक्तानी- निर्माण व्यवसायीलाई निर्माण कार्यको ठेक्का बिलको रकम भुक्तानी दिँदा पि.एस. आइटममा राखेको कार्यको बिल पेस भएपछि मात्र भुक्तानी दिनुपर्नेमा निर्माण कार्यको भुक्तानीमा बिल बेगर भुक्तानी भएको रु. ८७७७० सम्बन्धित निर्माण व्यवसायीबाट असुल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><td>सि.नं.</td><td>निर्माण कार्य</td><td>निर्माण व्यवसायी</td><td>बिल समावेश नभएको</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>1</td><td>नगरपालिकाको कार्यालय क्याटिन निर्माण</td><td>शङ्कर निमार्ण सेवा</td><td>होडिङ्ग बोर्ड र फोटो</td><td>२०००</td></tr>
<tr><td>2</td><td>६ न वडा कार्यालय भवन निर्माण</td><td>मंगला कन्स्ट्रक्सन प्रा लि</td><td>होडिङ्ग बोर्ड र फोटो</td><td>५००००</td></tr>
<tr><td>3</td><td>७ न वडा कार्यालय भवन निर्माण</td><td>भगवति मालिका कस्ट्रक्सन</td><td>होडिङ्ग बोर्ड र फोटो</td><td>१०२७०</td></tr>
<tr><td>4</td><td>थामडाडा मरेक सडक निर्माण</td><td>दानु कस्ट्रक्सन कम्पनी लि</td><td>होडिङ्ग बोर्ड र फोटो</td><td>२२५००</td></tr>
<tr><td>5</td><td>खेल मैदान निर्माण</td><td>श्रमजिवि निर्माण सेवा</td><td>होडिङ्ग बोर्ड र फोटो</td><td>३०००</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>८७७७०</td></tr>
</table>
</td>
<td>८७,७७०</td>
</tr>
<tr>
<td>२७</td>
<td></td>
<td></td>
<td>
डण्डी कार्यमा बढी दर
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विजकको भुक्तानी गर्दा करारको शर्त बमोजिम प्राविधिक जापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ । उक्त डण्डी (TMT Reinforcement work) को मुल्य सिभिल नर्म्सको दररेट अनुसार निर्धारण भएको दर अनुसार निर्माण कार्यमा प्रयोग भएको सम्बन्धित डण्डीको मुल्य नै राख्नुपर्नेमा सबै डण्डीहरुमा औषत मुल्य रु १२६.५7 राखेर भुक्तानी दिएको छ ।जसले गर्दा डण्डी (TMT Reinforcement) को तोकिएको दर भन्दा बढी भुक्तानी रकम रु १०५३३.27 भएको देखियो । यसरी तोकिएको दर भन्दा बढी दरमा भुक्तानी भएको असुल गर्नुपर्ने रु
<table>
<tr><td>गो.भौ.नं. र मिति</td><td>योजनाको नाम</td><td>कार्य</td><td>परिमाण (घमि)</td><td>भुक्तानी दर</td><td>हुनुपर्ने दर</td><td>फरक दर</td><td>जम्मा</td></tr>
<tr><td>४१९-०७९/३/२५</td><td>दलित सामुदाय भवन निमार्ण उ स</td><td>TMT Rein force ment work</td><td>२७००.८४</td><td>१२६.५७</td><td>१२२.६७</td><td>३.९</td><td>१०५३३.२७</td></tr>
</table>
</td>
<td>१०५३३.२७</td>
</tr>
</table>

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | जम्मा | 10533.27 |

२८

**बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) वमोजिम उपभोक्ता समितिलाई भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर, ओभरहेड, कन्टेन्जेन्सी तथा जनसहभागिता रकम घटाई बाँकी रकम भुक्तानी गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ को उपनियम १-ख_ बमोजिम खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिलको भुक्तानी गर्दा करारको शर्तबमोजिम प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्ने व्यवस्था छ । सम्झौतको शर्त ,दर विश्लेषणको आधार प्राविधिक मुल्यांकन तथा नापी किताब र विलविजकमा उल्लेखित परिमाण भन्दा बढी हुने गरी भुक्तानी दिएको छ । यसरी तोकिएको नर्म्स भन्दा बढी दरमा भएको भुक्तानी रु.९२९८३। असुल गर्नुपर्ने रु

९२,९८३

| भौ.नं. र मिति | योजना | कार्य | परिमाण | भुक्तानी भएको दर | भुक्तानी हुनुपर्ने दर | फरक दर | जम्मा रु |
|---|---|---|---|---|---|---|---|
| ५-०७८/११/२ | डोके डाँडा जामुना खर्क राउडा हुदै डल्लोपिपल सडक मर्मत उ स | पिसिसि 20:40 | 45m3 | 13516.7 | 13052.4 | 464.32 | 20894 |
| | | Breaking of hard rock with breaker | 24m3 | 2432.35 | 2209.83 | 222.52 | 5340 |
| | | Earth work excavation for drainage & structural | 472.99m3 | 137.37 | 122.53 | 14.84 | 7019 |
| | | Cement for foundation & footing M15/40 | 4.96m3 | 11877.96 | 11413.6 | 464.32 | 2303 |
| | | Cement for foundation & footing M20/40 | 45.37m3 | 13516.7 | 13052.4 | 464.32 | 21066 |
| | | 1:4 स्टोन मेशिनरी वाल | 31.19m3 | 10265.58 | 9099.8 | 1165.78 | 36361 |
| | | | | | | जम्मा | ९२९८३ |

२९

**पेश्की बाँकी**

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>पालिकाबाट प्राप्त फछ्यौट गर्न बाँकी पेश्कीको मास्केबारी (म.ले.प.फा.नं.211) अनुसार बर्षान्तमा निम्नानुसार रु.५१७५०००।पेश्की बाँकी देखिएकोले उक्त म्याद नाघेको र ननाघेको पेश्की रकम सार्वजनिक खरिद नियमावली, 2064 को नियम 113 बमोजिम फछ्यौट हुनुपर्ने रु
<table>
<tr><th>पेश्कीको विवरण</th><th>गो.भौ</th><th>लिएको मिति</th><th>रकम</th><th>फछ्यौटको अन्तिम म्याद</th></tr>
<tr><td>हिमालयन खुशी होम जे.भी.</td><td>१३</td><td>०७८।१२।२५</td><td>४३४०००</td><td>०७९।०१।२०</td></tr>
<tr><td>विएन त्रिशक्ती जे.भी.</td><td>१६</td><td>०७८।१२।२२</td><td>३८००००</td><td>०७९।०१।२७</td></tr>
<tr><td>धर्म एस काश्यप जे.भी.</td><td>४७</td><td>०७८।०९।०४</td><td>३५३५०००</td><td>०७८।१०।९</td></tr>
<tr><td>चिनाखेत खोला स्टिल त्रस पुल निर्माण उ.स बेनपा</td><td>३३</td><td>०७८।०२।२६</td><td>२६१०००</td><td>०७९।३।३०</td></tr>
<tr><td>भकिम्ली ठुलोखोला स्टिल त्रस पुल निर्माण उ.स बेनपा</td><td>३३</td><td>०७८।०२।२६</td><td>२६५०००</td><td>०७९।३।३०</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>५१७५०००</td><td></td></tr>
</table>
</td>
<td>५१७५०००</td>
</tr>
<tr>
<td>३०</td>
<td></td>
<td></td>
<td>औषधी खरिद<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ को उपनियम १(क) मा पचास लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी सिलबन्दी दरभाउपत्रको माध्यम बाट र सो भन्दा माथिको बोलपत्रको माध्यमबाट खरिद गर्न सकिने व्यवस्था छ । गाउँपालिकाले यस बर्ष औषधी खरिदमा गरेको खर्च सम्बन्धी देखिएका व्यहोरा निम्नानुसार छनः<br>(क) गाउँपालिकाले शसर्त चालुबाट यो वर्ष पटक पटक गरी रु.१९०७७६६ को औषधी सोझै खरीदको माध्यमबाट खरीद गरी चिराग फार्मेशी पोखरालाई भुक्तानी गरेको छ ।<br>(ख) आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्नेमा नभएको, औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन भन्ने व्यहोरा खुलाएको प्रमाण समावेश नभएको ।</td>
<td></td>
</tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | (ग) आपूर्ति भएका औषधी एंव सर्जिकल समान स्टोर दाखिला हुनु अघि सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ बमोजिम सास्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>(घ) औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको तथा जिन्सी खाता अध्यावधिक नरहेकोले के कति औषधी हस्तान्तरण भएको तथा कति मौज्दात रहेको भन्ने एकिन गर्ने आधार रहेन । | |
| ३१ | | | **हेभी इक्विपमेण्टको प्रयोग र जटिलसंरचना निर्माण**<br>**हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन अत : उक्त नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ ।<br>**जटिलसंरचना निर्माण** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । पालिका अन्तर्गत संचालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन कार्यालय प्रमुखको स्विकृतिमा मेसीन प्रयोग गरी निम्नानुसार रु ५०,९९,०००। भुक्तानी भएको देखिन्छ तर नियमावलीको व्यवस्था वमोजिम सम्बन्धित प्राविधिकको सिफारिस गराई गाउँ कार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन। नियमावलीको व्यवस्था अनुरुप कार्य गराउनुपर्दछ । | |

| क्र स | सम्झौता मिती | योजनाको नाम | वडा नम्वर | विनियोजित वजेट | उपभोक्ता समितीको विवरण | भुक्तानी रु |
|---|---|---|---|---|---|---|
| १ | ०७८।७।१० | लिसेपानी दश पैसे मोटरवाटो निर्माण स्तरोन्नती | 9 | 289500 | सविस थापा | 289500 |
| २ | ०७८।८।२० | थामडाँडा समसुरी खोला मोटरवाटो नि | 4 | 482500 | याम वहादुर गुरुङ | 467620 |
| ३ | ०७८।८।२४ | सिस्नेरा थामडाँडा सडक निर्माण योजनम | 4 | 337750 | कृष्ण वहादुर सार्की | 337750 |
| ४ | ०७८।९।१८ | भिरमुनी कुमाल्डि डाँडाखेत सडक | 5 | 386000 | रोशन वानिया | 386000 |
| ५ | ०७८।९।२५ | डम्मरा चुत्रेनी सडक निर्माण योजना | 6 | 965000 | सुरज के सि | 965000 |
| ६ | ०७८।१०।१३ | दलित भवन निर्माण योजना | 2 | 193000 | कृष्ण वहादुर सार्की | 193000 |
| ७ | ०७८।१०।१४ | हल्लेगौडा भकिम्ली सडक निर्माण योजना | 3 | 1447500 | याम वहादुर घर्ती मगर | 1447500 |
| ८ | ०७८।१०।१५ | हुलाके भुमेथान मोटरवाटो निर्माण | 1 | 193000 | गणेश वोगटी क्षेत्री | 193000 |
| ९ | ०७८।८।२६ | शेर वहादुरको घरदेखि राजकुमारिको घरसम्म मोटरवाटो निर्माण | 1 | 193000 | रेशम वहादुर बोगटि | 193000 |
| १० | ०७८।११।८ | फुट्याढुङ्गा मुलपानी बतासे कानेखोर मोटरबाटो | 9 | 386000 | नवराज भन्डारी | 386000 |
| ११ | ०७८।१२।६ | खाट्टीखुरा निलदह स्यानीपधेरा मोटरवाटो निर्माण | 9 | 96500 | खड्ग वहादुर खत्री | 96500 |
| १२ | ०७८।१२।६ | नागढुगा सडक निर्माण | 4 | 144750 | नारायण प्रसाद पौडेल | 144750 |
| | | जम्मा | | 5114500 | | 5099620 |

३२

**उपभोक्ता समिति मार्फत सरकारी भवन निर्माण कार्य**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४४ मा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको श्रृजना गर्ने रु लाभग्राही समुदायलाई सहभागी गराउने भएमा त्यस्तो आयोजना

उपभोक्ता समिति मार्फत गर्न सकिने उल्लेख छ साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति वा लाभग्राही समुदायबाट कार्य गराउन सकिने व्यवस्था छ । तर नमुना परीक्षण गर्दा तपसिलमा उल्लेखित उपभोक्ता सहभागी नहुने कार्यमा पनि उपभोक्ता समिति मार्फत कार्य गराईएको पाईयो । यसरी उपभोक्ता प्रत्यक्ष रुपमा सहभागी नहुने कार्यमा उपभोक्ता समिती मार्फत गरिने कार्यमा नियन्त्रण गरिनुपर्दछ । नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुनेगरी उपभोक्ता समिति मार्फत भवन निर्माण कार्य गराई निम्नानुसार रु. १,९४,७३,८४३।- भुक्तानी भएको छ ।

| क स | योजनाको नाम | विनियोजित वजेट | भुक्तानी रकम |
|---|---|---|---|
| १ | वालमन्दिर आ वि भवन निर्माण | 386000 | 386000 |
| २ | महिला लक्षित कार्यक्रम अन्तरगत तालिम | 96500 | 96500 |
| ३ | वडा कार्यालय एवं वैठक हल व्यवस्थापन | 916750 | 916750 |
| ४ | विपद व्यवस्थापन सामाग्री खरिद | 500000 | 494998 |
| ५ | भकुन्डे वडा कार्यालय सडक मर्मत योजना | 500000 | 487600 |
| ६ | गलेश्वर मावि भवन मर्मत | 386000 | 386000 |
| ७ | धवलागिरि मा वि घेरावार योजना | 482500 | 482500 |
| ८ | युवाखेलकुद कार्यक्रम अन्तर्गत भवन निर्माण | 0 | 96500 |
| ९ | प्रकाश मा वि पुर्वाधार | 386000 | 386000 |
| १० | नवज्योती आ वि व्यवस्थापन | 96500 | 96500 |
| ११ | बेनी सगंहालय नेपाल भाषा मकाखल | 434250 | 434250 |
| १२ | जयन्ती मा वि घेरावार योजना | 482500 | 482500 |
| १३ | सरस्वती आ वि फर्निचर खरिद | 193000 | 193000 |
| १४ | कृषि कार्यक्रम | 289500 | 289500 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | १५ | ओमशान्ती इश्वरीय विद्यालय अनुदान भवन मर्मत | 386000 | 386000 | |
| | | | १६ | तातोपानी कुण्ड व्यवथापन | 1930000 | 1930000 | |
| | | | १७ | वडा कार्यालय बाटो निर्माण | 289500 | 241811 | |
| | | | १८ | बिद्दोदय आ वि कोठा ढलान | 193000 | 193000 | |
| | | | १९ | जनकल्याण मा.वि. अनुदान | 289500 | 289500 | |
| | | | २० | पँधेरादेखि मुसुङडोले आ.वि. पदमार्ग | 519300 | 234237 | |
| | | | २१ | वडा कार्यालयदेखी वावुराम दर्जीको घरसम्म सडक ढलान | 772000 | 772000 | |
| | | | २२ | प्रकाश मा वि वालविकास सामाग्री खरिद | 193000 | 193000 | |
| | | | २३ | ज्ञानपुञ्ज आ वि अनुदान | 100000 | 100000 | |
| | | | २४ | उपल्लाचौर आ वि अनुदान | 200000 | 200000 | |
| | | | २५ | रामचन्द्र मा वि घेरावार | 144750 | 144750 | |
| | | | २६ | धौलागिरी मावि पुस्तकालय स्थापना | 650000 | 650000 | |
| | | | २७ | जामुनाखर्क मावि आइसिटी अनुदान | 650000 | 650000 | |
| | | | २८ | वालमन्दिर आवि आइसिटी अनुदान | 650000 | 650000 | |
| | | | २९ | पौलस्त्य मावि अनुदान | 50000 | 50000 | |
| | | | ३० | हंशवाहिनी आ वि अनुदान | 50000 | 50000 | |
| | | | ३१ | अर्जुन मावि अनुदान | 50000 | 50000 | |
| | | | ३२ | वालमन्दिर आवि विज्ञान प्रयोगशाला अनुदान | 650000 | 650000 | |
| | | | ३३ | जनकल्याणा मावि विज्ञान प्रयोगशाला अनुदान | 650000 | 650000 | |

| | | | |
|---|---|---|---|
| ३४ | सरस्वति मावि आइसिटी अनुदान | 650000 | 650000 |
| ३५ | बेनी सामुदायिक मावि आइसिटी अनुदान | 650000 | 650000 |
| ३६ | रामचन्द्र मा वि विज्ञान प्रयोगशाला | 650000 | 650000 |
| ३७ | चेतना आ वि फर्निचर खरिद | 96500 | 96500 |
| ३८ | पद्म वराह आ नि कक्षाकोठा व्यवस्थापन | 144750 | 144750 |
| ३९ | वडा कार्यालय भवन मर्मत | 146600 | 146680 |
| ४० | भकिम्लि स्वास्थ्यचौकि प्रसुति भवन निर्माण योजना | 1600000 | 0 |
| ४१ | नवज्योती आधारभूत विद्धालय २ कोठेभवन निर्माण | 1800000 | 450847 |
| ४२ | दिपक मा वि आ ई सि टि | 650000 | 650000 |
| ४३ | भानु मावि ४ कोठे भवन | 3600000 | 0 |
| ४४ | माझखेत आमा समुह भवन मर्मत | 144750 | 144750 |
| ४५ | राष्ट्रिय मा वि आइ. सी.टी. व्यवस्थापन | 650000 | 650000 |
| ४६ | जयन्ती मा वि आइ. सी.टी. व्यवस्थापन | 650000 | 650000 |
| ४७ | वडा कार्यालय व्यवस्थापन घेरावार | 579000 | 579000 |
| ४८ | जयन्ति मा वि कम्प्यटर खरिद | 144750 | 144750 |
| ४९ | भृकुटी आ वि कम्प्यटर खरिद | 96500 | 99982 |
| ५० | सिंगा स्वास्थ्य चौकी सामाग्री खरिद | 144750 | 115938 |
| ५१ | विद्दामन्दिर आ वि फर्निचर तथा सामाग्री खरिद | 96500 | 96500 |
| ५२ | स्वास्थ्यचौकी व्यवस्थापन | 242250 | 241250 |

| | | | |
|---|---|---|---|
| | जम्मा | 26302900 | 19473843 |

३३

**सम्झौता भइ सञ्चालन नभएका कार्यक्रम**

पालिकाबाट स्थानीय तह प्रशासनिक भवन पूर्वाधार विकास कार्यक्रम र २ योजना मा रु.५२ लाख बजेट व्यवस्था भइ समिति संग सम्झौता समेत भएकोमा कार्यक्रम कार्यान्वयन भएको देखिएन । पालिकाले बजेट उपयोग गरी नगरसभावाट पारीत भएका कार्यक्रमहरू कार्यान्वयन गर्नुपर्दछ ।

| क्र स | सम्झौता मिती | योजनाको नाम | वडानम्वर | विनियोजित वजेट | उपभोक्ता समितीको विवरण | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|
| १ | ०७८।१२।२४ | भकिम्लि स्वास्थ्यचौकि प्रसुति भवन निर्माण योजना | ३ | १६००००० | पुर्ण वहादुर घर्ति मगर | ० |
| २ | ०७८।१२।२५ | भानु मावि ४ कोठे भवन | १ | ३६००००० | श्याम वहादुर रोकामगर | ० |
| | | जम्मा | | ५२००००० | | ० |

३४

**कार्य स्वीकार प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ मा सार्वजनिक निकायले सम्पन्न भएको निर्माण कार्य स्वीकार्दा सोको प्रतिवेदन तयार गर्नुपर्ने र निर्माण गरीएको संरचनाको उद्देश्य अनुरुप सञ्चालन गर्न उपयुक्त छ भन्ने कुरा संरचनाको उपयुक्तता परीक्षण गरी प्रमाणित नभएसम्म त्यस्तो कुनै पनि कार्य स्वीकार गर्न नहुने व्यवस्था छ । पालिकाले तदनुसार निर्माण कार्यको स्वीकार नगरी निम्नानुसार २२ निर्माण कार्यको रु ६०७२८४५ भुक्तानी गरेको छ । सो कार्यको नियमावलीको नियम १२५ अनुसार कार्यसम्पन्न प्रतिवेदन समेत जारी गरेको छैन। अतः निम्न निर्माण कार्यको उक्त नियमावलीको नियम ११७ को प्रतिकुल हुने गरी कार्य स्वीकार प्रतिवेदन जारी नगरी भुक्तानी गरको रु 62,92,845 । ६२९२८४५
नियम सम्मत नदेखिएको रु

| क्र स | सम्झौता मिती | भुक्तानी मिती | योजनाको नाम | उपभोक्ता समितीको विवरण | वडानम्वर | विनियोजित वजेट | भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | ०७८।६।८ | ०७८।१२।१५ | भिम वहादुर थापाको घर सगरेपानी पदमार्ग निर्माण योजना निर्माण | वुद्धविर किसान | 1 | 241250 | 241250 |
| २ | ०७८।६।१७ | ०७८।८।१३ | विपद व्यवस्थापन सामाग्री खरिद | वडा कार्यालयले गरेको | 6 | 500000 | 494998 |
| ३ | ०७८।८।१२ | ०७८।९।७ | सालघारी पदमार्ग निर्माण | वुद्धविर किसान | 1 | 144750 | 144750 |
| ४ | ०७८।९।२० | ०७९।३।३ | जामुनाखर्क नाली व्यवस्थापन योजना | भिम वहादुर विक | 6 | 0 | 965000 |
| ५ | ०७८।९।२९ | ०७८।९।२९ | उज्यालो वैकल्पिक अनुदान | उज्यालो वैकल्पिक विद्यालय | 7 | 100000 | 100000 |
| ६ | ०७८।१०।६ | ०७९।३।२४ | खलवले खानेपानी ट्याकी संरक्षण | गणेश वहादुर खड्का | 10 | 289500 | 289500 |
| ७ | ०७८।११।२९ | ०७८।११।२९ | ज्ञानपुञ्ज आ वि अनुदान | वि व्य स अ | 1 | 100000 | 100000 |
| ८ | ०७८।१२।९ | ०७८।१२।९ | उपल्लाचौर आ वि अनुदान | वि व्य स अ | 1 | 200000 | 200000 |
| ९ | ०७८।१२।६ | ०७८।१२।१५ | अपांग तथा जेष्ठ नागरिक सम्मान | तिर्थ बहादुर रकाल | 10 | 50000 | 50000 |
| १० | ०७८।९।१९ | ०७९।३।२४ | तातोपानी कुण्ड जगन्नाथ मन्दीर गोरेटो वाटो मर्मत | भोज वहादुर कार्की | 4 र 5 | 0 | 50000 |
| ११ | ०७८।९।२७ | ०७९।३।२२ | धौलागिरी मावि पुस्तकालय स्थापना | डण्डपाणी सापकोटा | 4 | 650000 | 650000 |
| १२ | ०७८।९।२४ | ०७९।१।२५ | पौलस्त्य मावि अनुदान | प्रेम वहादुर वानिया | 5 | 50000 | 50000 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३ | ०७८।९।२९ | ०७८।१२।२९ | हंशवाहिनी आ वि अनुदान | शुभसागर शर्मा सापकोटा | 2 | 50000 | 50000 |
| १४ | ०७८।९।२८ | ०७९।३।२३ | अर्जुन मावि अनुदान | तिल वहादुर घिमिरे | 2 | 50000 | 50000 |
| १५ | ०७८।१०।५ | ०७९।३।२४ | खलवले मोटरवाटो तथा नया ट्र्याक निर्माण | गौरीदत्त जैसी | 10 | 620000 | 620000 |
| १६ | ०७८।१०।७ | | द्वन्द पिडीत अधिकार मंच | भिम वहादुर रिजाल | 7 | 79450 | 75000 |
| १७ | ०७८।१०।७ | ०७८।१०।२३ | सृजनशील बाल क्लव विविध पोसाक तथा खेलकुद सामागीं खरिद | सुस्मीता किसान | 6 | 96500 | 96500 |
| १८ | ०७९।१।६ | ०७९।३।२४ | नवज्योती आधारभूत विद्धालय २ कोठेभवन निर्माण | इन्द्रविर विश्वकर्मा | 3 | 1800000 | 450847 |
| १९ | ०७९।१।१५ | ०७९।३।२४ | जयन्ती मा वि आइ. सी.टी. व्यवस्थापन | राम वहादुर पुन | 3 | 650000 | 650000 |
| २० | ०७८।१२।२८ | ०७९।२।११ | कृषि कार्यक्रम | सनम घताने | 10 | 193000 | 193000 |
| २१ | ०७९।२।९ | ०७९।३।२४ | कृषि एंव पशु कार्यक्रम | लाल वहादुर पुन | 3 | 579000 | 579000 |
| २२ | ०७८।१२।१० | ०७९।३।२१ | महिला विकास कार्यक्रम | वविता सापकोटा | 2 | 193000 | 193000 |
| | | | | जम्मा | | 6636450 | 62,92,845 |

उक्त तालिकामा जामुनाखर्क नाली व्यवस्थापन योजना र तातोपानी कुण्ड जगन्नाथ मन्दीर गोरेटो वाटो मर्मत को लागि वजेट बिनियोजन नभएको अवस्थामा समेत उपभोक्ता समिति संग सम्झौता गरी क्रमशः रु 965000 र रु 50000 समेत रु १०१५०००। भुक्तानी गरेको समेत समावेश भएको छ ।

| | | | | |
|---|---|---|---|---|
| ३५ | | | **सामाजिक सुरक्षातर्फ-** | |

| | | | | |
|---|---|---|---|---|
| | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर पालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी रु.१३,२८,३२,४१६।- निकासा गरेको छ। | |
| ३६ | | | **आय बक्यौता**<br>लेखापरीक्षणको लागि प्राप्त बिवरण अनुसार तातोपानीकुण्ड वाट प्राप्त हुन बाकी रु ६०००००। रहेको छ । बहाल बिटौरी कर वापतको बक्यौता रु २०८२४६१ रहेको छ ।संझौता अनुसार असुल हुनुपर्ने, असुल भएको र असुलहुन बाकी बहाल बिटौरीको लगत अद्यावधिक राखेको छैन ।यसवाट बाकी बक्यौता रकमको नाम नामेसी उपलव्ध हुन सकेन । अत सम्पुर्ण बक्यौता रकमको लगत अद्यावधिक गरी बक्यौता रु २६८२४६१। असुल गर्नुपर्ने देखिएको रु | २६८२४६१ |
| ३७ | | | **दहत्तर बहत्तर ठेक्का**<br>स्थानीय सरकार संचालन ऐन, 2074 को साबिक दफा 64 को उपदफा १, १(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरूको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरूले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी बाँडफाँड हुने गरेको थियो । तर उक्त दफा संघीय आर्थिक ऐन, 2075 द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरूले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने ब्यबस्था गरेको छ । यसै सम्बन्धमा । गण्डकी प्रदेश आर्थिक ऐन २०७६ को दफा ९(५) अनुसार गिट्टी ढुंगा बालुवा वापत संकलित करको चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । यसैगरी संघीय मन्त्रिपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, 2077 जारी गरी गिट्टी ढुंगा बालुवा बिक्रिबापतको राजस्व स्थानीयले सङ्कलन गरी प्रदेश र स्थानीय तह बीच क्रमशः ४० र ६० प्रतिशत हुनेगरी बाँडफाँड गर्ने ब्यबस्था गरेको छ जुन स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२(क) विपरीत देखिन्छ। म्याग्दी नदीको ९ बगरवाट १७६८७. २५ घ मी ढुगां बालुवा गिट्टी आदी उत्खनन् र बिक्री तथा निकासीको लागि मु अ कर वाहेक रु ४४०००००। मा ठेक्का लागेको रकम यस वर्ष २ किस्ता गरेर दाखिला गरेको छ । उक्त ठेक्काको IEE प्रतिवेदन र अनुगमन प्रतिवेदन पेश नभएको र सम्झौता तथा पट्टामा समेत परीमाण उल्लेख नभएकोले नदीजन्य पदार्थ उपयोग गर्न सकिने क्षमता र उपयोग भएको परीमाण स्पष्ट छैन । लेखापरीक्षणको लागि प्राप्त बिवरणमा उक्त रकम | |

| | | | | |
|---|---|---|---|---|
| | | | रु४४०००००। बिभाज्य कोषमा राखि ४० प्रतिशतले हुने रु १७६००००। प्रदेश सञ्चितकोषमा दाखिला गरेको देखिन्छ भने बित्तीय विवरणको अनुसूची १४ मा दहत्तर बहत्तर वापत संकलित रु ६०२१४११। देखाइ रु १७६००००। प्रदेश सञ्चितकोषमा दाखिला गरेको देखिएको छ । यसवाट दुइवटा बिवरण अनुसार फरक परेको रु १६२१४११। संकलन भएको श्रोत तथा फाइल लेखापरीक्षणमा पेश हुन आएन । यस्तै संकलित रु ६०२१४११। को ४० प्रतिशतले रु २४०८५६४।४० प्रदेश सञ्चितकोषमा दाखिला हुनुपर्नेमा रु १७६००००।मात्र दाखिला देखाएकोले वाकी रु ६४८५६४। समेत दाखिला गर्नुपर्ने देखिएको रु | ६४८५६४ |
| ३८ | | | **रकम ढिला दाखिला र रसिद नियन्त्रण खाता**<br>**रकम ढिला दाखिला गर्ने** - नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिनभित्र बैंक दाखिला गर्नुपर्दछ । स्थानीय तह अन्तरगतका वडाहरूले कतिपय मासिक रुपमा मात्र दाखिला गर्ने गरेकोले समयमै दाखिला गर्ने तर्फ सम्बन्धित पक्षको ध्यान जानुपर्दछ ।<br>**रसिद नियन्त्रण खाता** - नगरपालिका कार्यालय र १० वटा वडा कार्यालयहरूले नगरपालिकाबाट प्राप्त रसिद प्याड थान, आम्दानीमा प्रयोग भएका रसिदहरू र बाकी रहेका रसिदहरूको अभिलेख अद्यावधिक गरेको छैन ।कार्यालयले यो वर्ष आन्तरिक आम्दानी रु. २,९०,२६,८१६। भएको बिवरण प्राप्त भएको छ । तोकिएका म.ले.प.फारम नं. १०५, १०६,१०७,१०८ लगायत निम्नानुसारका अभिलेखहरू व्यवस्थित राखेको नदेखिदा नगरपालिका र वडा कार्यालयहरूबाट भएको आम्दानी यकिन गर्न सकिएन।<br>आन्तरिक आयमा प्रयोग हुने रसिदहरूको छपाई, आम्दानी, खर्च र बाँकीको अभिलेख देखिने रसिद नियन्त्रण खाता ब्यवस्थित नरहेको । | |
| ३९ | | | **आयको फरक लेखाकंन**<br>पालिकाको यस बर्षको आन्तरीक आय तर्फ मास्केवारी अनुसार बेरुजु बाहेक रु ४,५३,१४,०३५। बार्षिक आय लेखाकंन भएको छ भने शुत्रको आन्तरिक राजस्व खाताको संक्षिप्त बिवरण रिपोर्ट २ अनुसार बेरुजु बाहेक रु २,९०,२६,८१६। बार्षिक आय लेखाकंन भएको छ । यसरी आन्तरीक आयको मास्केवारी भन्दा सुत्रमा रु १६२८७२१९। कम आय देखाएको सम्वन्धमा लेखापरीक्षणमा स्पष्ट हुन आएन । यसरी कम आय देखाएको कारण स्पष्ट गरी फरक रकमको सुत्रमा लेखाकंन गरी आन्तरीक आयको लेखांकन अद्यावधिक हुनु पर्ने देखिएको रु | |
| ४० | | | **राजश्वको आयव्यय विवरण** | |

<table>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, 2077 को दफा ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठन छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम राजस्व लेखा अध्यावधिक अभिलेख गर्नुपर्ने व्यवस्था छ । यस कार्यालयको आयव्यय हिसाव विवरण परीक्षण गर्दा पालिकाको कुल आन्तरिक आय रु. २,९०,२६,८१६। देखिएकोमा बैंक स्टेटमेन्टमा सो आन्तरीक आय रु.५४,८९,४६०।३० रहेको देखिन्छ ।स्रेस्ता भन्दा बैंक खातामा (Nepal bank limited a/c no.06300000100100000) मा घटी देखिएको रु.२,३५,३७,३५५।७० सम्बन्धित कर्मचारीलाइ जिम्मेवार बनाइ असुल गर्नुपर्ने देखिएको रु.</td><td>२३५३७३५५</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>कर तथा शुल्क असुली<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।पालिकावाट प्राप्त बिवरण रिपोट २ सक्षित विवरण अनुसार ती शीर्षकमा यस वर्षको आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।
<table>
<tr><td>क्र.स.</td><td>विवरण</td><td>अनुमान</td><td>आम्दानी</td><td>असुली<br>प्रतिशत</td></tr>
<tr><td>१</td><td>एकिकृत सम्पत्ती कर</td><td>८०००००००</td><td>५१०१३१६</td><td>६३.७६</td></tr>
<tr><td>२</td><td>घर बहाल कर</td><td>३००००००</td><td>३८९५४९०</td><td>१२९.६४</td></tr>
<tr><td>३</td><td>बहाल बिटौरी शुल्क</td><td>३००००००</td><td>५६४१२०२</td><td>१८८.०४</td></tr>
<tr><td>४</td><td>कृषी तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा शुल्क</td><td>१०००००</td><td>२८४५०</td><td>२८.४५</td></tr>
<tr><td>५</td><td>अन्य कर</td><td>५०००००</td><td>३६१६३२</td><td>७२.३२</td></tr>
<tr><td>६</td><td>नक्सा पास दस्तुर</td><td>६५००००</td><td>४७८१०५</td><td>७३.५५</td></tr>
<tr><td>७</td><td>सिफारिस दस्तुर</td><td>४००००००</td><td>४७८२७५९</td><td>११९.५६</td></tr>
<tr><td>८</td><td>अन्य दस्तुर</td><td>१०००००</td><td>४७३५५०</td><td>४७३.५५</td></tr>
<tr><td>९</td><td>जलस्रोत सम्वन्धी अन्य दस्तुर</td><td>६०००००</td><td>०</td><td>०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१०</td><td>अन्य क्षेत्रको आय</td><td>२५००००</td><td>०</td><td>०</td></tr>
<tr><td>११</td><td>प्रशासनिक दण्ड जरिवाना र जफत</td><td>१५००००</td><td>२२१४१०९</td><td>१४७६.०७</td></tr>
<tr><td>१२</td><td>प्रदुषण नियन्त्रण शुल्क</td><td>३२०००००</td><td>३६४९९४०</td><td>११४.०६</td></tr>
<tr><td>१३</td><td>व्यवसाय कर</td><td>२००००००</td><td>१३८८३०७</td><td>६९.४१</td></tr>
<tr><td>१४</td><td>अन्य राजश्व</td><td>१५००००</td><td>१०११९५५.५३</td><td>६७४.६३</td></tr>
<tr><td></td><td>जम्मा</td><td>२५७००००००</td><td>२९०२६८१६</td><td>११२.९४</td></tr>
</table>
पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क प्राप्त गरेको देखियो । व्यवसायकर अनुमानको ६९.४१प्रतिशत मात्र असुली भएकोले आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>
भ्रमण खर्च -<br>
भ्रमण खर्च नियमावली, 2064 को नियम ४ बमोजिम भ्रमण खर्च किफायती हुनु पर्ने र अनुसूची ६ का ढाँचामा अभिलेख राख्नुपर्ने व्यवस्था छ। नगरपालिकाले देहाय वमोजिमका कर्मचारीहरुलाई कार्यालयमा उपस्थित समयमा भ्रमण भत्ता उपलब्ध गराएकोले रु. १९२५०। असूल गर्नुपर्ने रु.
<table>
<tr><td>क्र.सं.</td><td>कर्मचारीको नाम</td><td>भ्रमण अवधि</td><td>भ्रमण खर्च रु.</td><td>कैफियत</td></tr>
<tr><td>1.</td><td>श्री युवराज थापा</td><td>२०७८।११।२६ देखि २०७८।१२।०२</td><td>१०५००।</td><td>कार्यालयमा हाजिर</td></tr>
<tr><td>2.</td><td>श्री माधव प्रसाद भुसाल</td><td>२०७८।०५।२५ देखि २०७८।०५।२७</td><td>२७००।</td><td>कार्यालयमा हाजिर</td></tr>
<tr><td>3.</td><td>श्री आकृति पौडेल</td><td>२०७८।०६।१२ देखि २०७८।०६।१६</td><td>६०५०।</td><td>कार्यालयमा हाजिर</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१९२५०।</td><td></td></tr>
</table>
</td><td>१९२५०</td></tr>
<tr><td>४३</td><td>368</td><td>२०७९-३-१६</td><td>
बढी भुक्तानी-<br>
आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा बिल, भरपाई, प्रमाण र कागजात जाँच गरी दुरुष्त भएमा मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ।पालिकाको जनप्रनिधि-
</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | कर्मचारी क्षमता विकास टोल सुधार कार्यक्रम संचालन गर्दा बिल अनुसार कूल रु. २९४६४८। खर्च भएकोमा रु. ३०००००। भुक्तानी गर्दा विल भर्पाइ भन्दा बढि भुक्तानी भएको रु. ५३३२। असूल हुनुपर्ने रु | ५,३३२ |
| ४४ | | | **बर्खे फलफूल बेर्ना वितरण कार्यक्रम-**<br>बर्खे फलफूल बेर्ना वितरण कार्यक्रम अन्तर्गत अनुदानमा कृषि सामग्री उपलब्ध गराउँदा निम्न वर्गका कृषिमा निर्भर वास्तविक कृषक छनौट गरी अनुदान उपलब्ध गराउनु पर्दछ । यस पालिकाले 50 प्रतिशत अनुदानमा ४४६२ सुन्तला बेर्ना, ३८६९ कागती वेर्ना, १४१० आँप वेर्ना, ३३२ मौसम वेर्ना, १५२३ लिची वेर्ना र १०६ एभोकार्डो वेर्ना रु. ३९०९१५।- मा खरिद गरी वितरण गरेकोमा ४३७ सुन्तला, ६५४ कागती, १३२ आप, १७६ लिची र १९ एभोकार्डो का वेर्नाहरु नगरपालिका ९ जना कर्मचारीहरुले बुझेको पाइयो । निम्म वर्गका कृषकहरूलाई वितरण गर्नुपर्नेमा कर्मचारीहरुलाई नै वितरण गर्नु व्यवहारिक र न्यायसम्मत देखिएन । | |
| ४५ | | | **धरौटी खाता-**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी नियमावली,२०७७ को नियम ६४ ले प्राप्त धरौटी रकमको गोश्वारा भौचर उठाई आम्दानी बाँध्नुपर्ने र आर्थिक वर्षको अन्त्यमा मौज्दात रहेको धरौटी रकमको नामनामेसी विवरण उल्लेख गरी व्यक्तिगत धरौटी खाता राख्नुपर्ने व्यवस्था गरेको छ। नगरपालिकामा व्यक्तिगत धरौटी खाता नराखेको हुँदा विगतमा कहिले देखि क कस्को नाममा धरौटी रकम के बापत राखेको हो यकीन गर्न सकिएन। उक्त नियमावलीमा भएको व्यबस्थालाई कार्यान्वयनमा ल्याई पालिकाले तोकिएका विवरण र खाताहरू राख्नुपर्दछ। | |
| ४६ | | | **राजस्व सदरस्याहा-**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६७ मा धरौटी रकम राजस्वमा आम्दानी बाँध्ने कार्यविधि तोकिएको छ। जुन प्रयोजनको लागि धरौटी राखेको हो, सो काम सम्वन्धि कारवाही अन्तिम रुपमा सम्पन्न भएको मितिले धरौटी फिर्ता लिन नआएको खण्डमा यसलाई सदरस्याहा गरी राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले प्रयोजन समाप्त भएको नभएको छुट्याएको छैन साथै कार्यालयको धरौटी खातामा असारसम्म रु. ७३०६२३६।९१ बाँकी रहेको देखिन्छ। यसरी कार्यालयले आवश्यक कानूनी प्रकृया पुऱ्याई धरौटी फिर्ता गर्नु नपर्ने रकमलाई सदरस्याहा गरी राजस्व दाखिला गर्न कार्यालयले ध्यान दिनु पर्दछ। | |
| ४७ | | | **धरौटी फिर्ता -** | |

<table>
<tr><td></td><td></td><td></td><td>
अर्थ मन्त्रालयको च.नं.369 मिति 2069।06।17 मुल्य अभिवृद्धि कर संकलन व्यवस्था सम्वन्धमा मुल्य अभिवृद्धि कर भुक्तानीको मासिक विवरण आन्तरिक राजस्व विभाग अन्तरगत ठुला करदाता कार्यालय र सम्वन्धित आन्तरिक राजस्व कार्यालयहरुमा पठाउन र अन्तिम भुक्तानी वा धरौटी फिर्ता गर्नु पूर्व त्यसरी भुक्तानी लिएको रकम र मुल्य अभिवृद्धि कर सम्वन्धित निर्माण व्यवसायी तथा आपूर्तिकर्ताले कर विवरणमा समायोजन गरे नगरेको सम्वन्धित राजस्व कार्यालयबाट एकीन गरी भुक्तानी दिने पत्र जारी गरे पछि मात्र भुक्तानी गर्ने भनी आन्तरिक राजस्व विभागको प.सं.069।70 च.नं.12 मिति 2066।06।10 को पत्रमा उल्लेख छ। नगरपालिकाले निम्न रु. ११०९७३। धरौटी फिर्ता गर्दा कर चुक्ता प्रमाणपत्र र मूल्य अभिवृद्धि कर समायोजन पत्र संलग्न गरेको नपाइएकोले उक्त प्रमाण पेश हुनुपर्ने ।
<table>
<tr><th>सि.नं.</th><th>भुक्तानी पाउने</th><th>PAN Number</th><th>रकम</th><th>गो. भौ. नं.</th></tr>
<tr><td>1.</td><td>कालीगण्डकी निर्माण सेवा</td><td>३००१०८१२५</td><td>९८४७३।००</td><td>०७/२०७८।०६।१८</td></tr>
<tr><td>2.</td><td>Perfect Active Solutions</td><td>३०२८९७४१२</td><td>१२५००।००</td><td>७८/२०७८।०६।१९</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td>११०९७३।००</td><td></td></tr>
</table>
</td><td>११०,९७३</td></tr>
<tr><td>४८</td><td></td><td></td><td>
कर्मचारी करार -<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ। स्थानीय तहले देहायका विभिन्न सेवा तथा पदमा ५९ जना करार कर्मचारी नियुक्ति गरी वर्षभरीमा रु. १८९६२७९०।०० भुक्तानी गरेको देखिन्छ।
<table>
<tr><th>सि.नं.</th><th>सेवा</th><th>करार कर्मचारी संख्या</th><th>वार्षिक जम्मा भुक्तानी</th></tr>
<tr><td>1.</td><td>कृषि तथा पशु तर्फ</td><td>५ जना</td><td>२१२९६२०।००</td></tr>
<tr><td>2.</td><td>स्वास्थ्य चौकीमा कार्यरत</td><td>९ जना</td><td>२२२००००।००</td></tr>
<tr><td>3.</td><td>स्वास्थ्य संस्था नभएका वडामा कार्यरत</td><td>४ जना</td><td>९६००००।००</td></tr>
</table>
</td><td></td></tr>
